# गोरखापत्र संस्थान

केन्द्रीय कार्यालय, धर्मपथ काठमाडौँ ।

फोन नं. : ०१-५३२३९०२, इमेल : gpsadmin2026@gmail.com

## स्थानीय समाचार दाता (स्ट्रिङ्गर) आवश्यकता सम्बन्धी सूचना

(प्रकाशित मिति : २०८३।०३।२७)

### स्थानीय समाचार दाता (स्ट्रिङ्गर) नियुक्ति सम्बन्धी विस्तृत विवरण :

१. **काठमाडौँ उपत्यका बाहेक ७४ जिल्लामा १/१ जना गरी जम्मा ७४ जना ।**

२. **देहायका प्रदेश राजधानीतर्फ १/१ जना गरी जम्मा ७ जना :**

१) विराटनगर (कोशी प्रदेश) २) जनकपुर (मधेश प्रदेश) ३) हेटौँडा (बागमती प्रदेश)
४) पोखरा (गण्डकी प्रदेश) ५) देउखुरी (लुम्बिनी प्रदेश) ६) वीरेन्द्रनगर (कर्णाली प्रदेश)
७) धनगढी (सुदूरपश्चिम प्रदेश)

३. **नियुक्तिका आधार**

क. समाचार दाता नियुक्त गर्दा समावेशी सिद्धान्त अनुसार महिला, मधेसी, दलित, अल्पसङ्ख्यक, जनजाति, पछाडि पारिएका वर्ग समुदायलाई प्राथमिकता दिइनेछ ।

ख. मल्टिमिडियामा दख्खल भएकालाई प्राथमिकता दिइनेछ ।

४. **आवश्यक योग्यता**

क. प्रवीणता प्रमाणपत्र तह (दस जोड दुई) उत्तीर्ण (पत्रकारिता विषय लिई अध्ययन गरेकालाई प्राथमिकता दिइनेछ) साथै कम्तीमा तीन वर्ष पत्रकारिता गरेको ।

ख. एसएलसी वा एसइई उत्तीर्ण भई कम्तीमा पाँच वर्ष पत्रकारिता गरेको ।

ग. स्नातक वा स्नातकोत्तर उत्तीर्ण गरी पत्रकारितामा कम्तीमा एक वर्षको अनुभव ।

घ. देशको प्रचलित कानुन अनुसार कुनै फौज्दारी वा अन्य अपराधमा सजाय नपाएको ।

५. **पेस गर्नुपर्ने आवश्यक कागजात**

क. कुन जिल्ला वा प्रदेश राजनधानीका लागि समाचार दाता बन्न चाहेको हो सो विवरण खुलाइएको निवेदन,

ख. नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपि,

ग. शैक्षिक योग्यताको प्रमाणपत्र र तालिम, अनुभवको प्रमाणपत्रको प्रतिलिपि,

घ. वैयक्तिक विवरण ।

६. **समाचार दाताको किसिम र पारिश्रमिक**

क. छनोट भएका व्यक्तिलाई जिल्ला वा स्थानीय समाचार दाता नाम दिएर जिम्मेवारी र कार्य क्षेत्रका आधारमा नियुक्त गरिने ।

ख. यसरी नियुक्त भएका स्थानीय समाचार दाताको पारिश्रमिक संस्थानले तोकिदिए बमोजिम हुनेछ ।

७. **सेवा अवधि तथा सेवाबाट हटाउन सकिने**

क. नियुक्त भएका व्यक्तिको कार्यावधि बढीमा एक वर्षको हुनेछ । जुनसुकै बेला नियुक्त भएको भए पनि असार मसान्तमा कार्यवधि समाप्त भएको मानिनेछ ।

ख. तोकिए बमोजिमको समाचार सङ्ख्या नपुगेमा ।

ग. प्रचलित कानुन अनुसार कुनै फौज्दारी वा अन्य अपराधमा सजाय भएमा ।

घ. नेपालको अहित हुने कुनै पनि काम गरेको प्रमाणित भएमा ।

ङ. गोरखापत्र संस्थानको ऐन, विनियमावली, निर्देशिका र कार्यविधि विपरीत कार्य गरेमा ।